# वन वातावरण तथा विपद् व्यवस्थापन समिति द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाउँपालिका

**मालिका गाउँपालिका**

**अर्खावाङ्ग, गुल्मी**

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

सभाध्यक्ष महोदय,

मालिका गाउँपालिकाको कूल क्षेत्रफल ९२.४९ वर्ग कि.मी. रहेको छ। कूल क्षेत्रफल मध्ये घना वन क्षेत्रले ३५.९३ वर्ग कि.मी. अर्थात ३८.८५ प्रतिशत भूमाग ओगटेको छ भने पोखरी नदी खोलाले ०.३९ वर्ग कि.मी. अर्थात ०.४२ प्रतिशत भू भाग ओगटेको अवस्था छ। अन्य झाडी तथा घाँसे क्षेत्रले कूल भूभागको ७.४३ प्रतिशत भूभाग ओगटेको अवस्था छ। यसरी तत्थगत रुपमा हेर्दा हाम्रो गाउँपालिका डढेलोजन्य विपदबाट उच्च जोखिममा देखिन्छ भने भौगोलिक रुपमा हेर्दा सवै भाग भिरालो भएको कारण वाढी पहिरोबाट समेत उच्च जोखिममा रहेको अवस्था छ। अव्यवस्थित वसोवास र सडक पूर्वाधार निर्माणका कारणले पनि पहिरोको कारण हाम्रा हरेक वस्ति, विकासका अन्य पूर्वाधारहरु उच्च जोखिममा रहेकोमा कुनै द्विविधा छैन।

अर्को तर्फ खाना पकाउने इन्धनको रुपमा दाउँराको प्रयोग गर्ने ९५.३७ प्रतिशत जनसंख्या रहेको छ जसको कारण आगलागी, दमका रोगीहरुको संख्या वढ्दो छ। एल पि ग्याँस प्रयोग गर्ने जनसंख्या २.९२ प्रतिशत रहेता पनि यो संख्या भन्दा धेरै नागरिकहरुले एलपि ग्याँस प्रयोग गरेको अवस्था छ। अशिक्षा र वुढा वुवा आमाहरुमात्र गाउँघरमा वस्ने हुँदा यसको सही प्रयोग गर्न नजान्दा थप विपद निम्तन सक्ने अवस्था छ। विद्युत सेवाको प्रयोग गर्ने परिवारको संख्या ९२.५२ प्रतिशत रहेको देखिन्छ। अर्थिङ्ग राम्रो नगर्ने र विद्युतिकरण सञ्चालन तथा व्यवस्थापनमा ज्ञान नहुँदा प्रत्येक वर्ष चट्याङ्ग तथा अन्य कारणले विपद निम्तने गरेको अवस्था सवैको सामु स्पस्ट नै छ।

सभाध्यक्ष महोदय,

गत आ.ब. र चालु आ.ब.मा यस गाउँपालिकामा घटेका विपद जन्य घटनाहरुको विवरण पेश गर्ने अनुमति चाहान्छु।

गत आ.ब.२०७९/०८० मा विपद व्यवस्थापनको कोषबाट ४१ जना नागरिकहरु र एउटा शैक्षिक संस्था गरी कूल ४२ वटा घटनामा कूल रकम आर्थिक सहायता वापत रु.४,०४,७५५/- (चार लाख चार हजार सातसय पचपन्न ) रुपैयाँ भुक्तान गरेको अवस्था रहेको छ भने मनसुनजन्य विपदमा ३ जना नागरिकहरुको घर निर्माणको लागि सिफारिस गरिएको थियो। गत आ.ब. मा विपद व्यवस्थापन समितिका १० वटा वैठकहरु सम्पन्न भएका थिए।

सभाध्यक्ष महोदय,

चालु आ.ब.२०८०/०८१ मा विपद व्यवस्थापन समितिको हालसम्म ११ वटा वैठकहरु सम्पन्न गरेका छौ।यस आ.ब.मा चट्याङ्गबाट १ जना र वाढी पहिरोको कारण २ जना नागरिकहरुले ज्यान गुमाएका छन भने ६० घरपरिवारका सदस्यहरु विभिन्न किसिमका विपदबाट प्रभावित छन।६ घरधुरीका नागरिकहरुलाई जस्तापाता वितरण गरिएको छ भने त्रिपाल जाली आवश्यकताका आधारमा वितरण गरिएको छ। विपद पूर्व तयारीको रुपमा त्रिपाल, जाली, पाइप तथा जस्ता गरी कुल ६,५६,४१७/- (छलाख, छपन्न हजार, चारसय सत्र) रकमको सामग्री खरिद भएको छ।यसरी हेर्दा आर्थिक सहायता तथा सामग्री खरिदमा गरी विपद तर्फ रु. १३,७५,८२८/-(तेह्र लाख पचहत्तर आठसय अठ्ठाइस) रुपैयाँ भुक्तानी भएको भएको छ। भुकम्पको कारण जाजरकोटमा राहत स्वरुप ९६ थान वलाङ्केट र ५० थान त्रिपाल खरिद गरि उपाध्यक्ष ज्यू मार्फत वितरण गरेका छौ।

यसरी हेर्दा गतसाल भन्दा यो वर्ष विपदका घटनाहरु वढेको देखिन्छ।पूर्वाधार मर्मत संभारमा भएको खर्च/लेन्थ वर्करलाई दिएको भुक्तानीको हिस्सा माथि उल्लेखित विवरणमा समावेश

गरिएको छैन। पूर्वाधार मर्मत संभार समेतको हिसाव एकिकृत गरी हेर्दा विपदमा मात्र ठूलो रकम विनियोजन गर्नुपर्ने आवश्यकता देखिन्छ।

सभाध्यक्ष महोदय,

विपद आफैमा सिर्जित र मानिस सिर्जित  गरी दुइ किसिमले हुने गर्दछ। प्राकृतिक प्रकोपको कारण जस्तै पहिरो, वाढी, चट्याङ्गबाट घट्ने घटनाहरु हाम्रो वसमा नहुन सक्छन तर मानवद्वारा सिर्जित विभिन्न कार्यहरुको कारण हुने घटनाहरुलाई हामी नियन्त्रण तथा नियमन गर्न सक्छौ। हामीले निर्माण गरेका विकासका पूर्वाधारका कारण हाल धेरै विपदका घटनाहरु हुने गरेका छन। वाढी पहिरो मुख्य रुपमा हामीले निर्माण गरेका सडकहरु नै प्रमुख कारक तत्व बनेका छन। खानेपानी, सिंचाइ, कुलोमा आउने विपद यस्तै मानव निर्मित विकासका पूर्वाधारहरुबाट सिर्जित घटनाहरु हुन। । जथाभावि आगो लगाउने प्रवृत्तिका कारण राष्ट्रिय सम्पदा वन जंगल ध्वस्त भएको अवस्था छ भने जंगली जनावर पशु पंक्षीहरु र मानव निर्मित सम्पत्तिको नोक्सानीको हिस्सा के कति भए होला अनुमान गर्न गाह्रो छ।

सभाध्यक्ष महोदय,

यसर्थ दिनानु दिन हाम्रै कर्म तथा हामीले निर्माण गरेका विकासका पूर्वाधारको कारण र प्राकृतिक प्रकोपको कारण हुने विपद जन्य घटनाहरुको समयमा नै न्यूनिकरणका लागि हामी सवै सभाका सदस्य ज्यूहरु र आम नागरिकहरु सचेत जागरुक र कर्तव्य निष्ठ भई अगाडी वढ्नुको विकल्प छैन।

**धन्यवाद।**

मालिका गाउँपालिका

मालिका गाँउपालिका